तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या १४/०७७/०७८ (१०६) मिति २०७८/०२/१८ गते

प्रस्तावहरुः

१. नगरसभाको तयारी सम्बन्धमा ।

२. विश्व बैंकद्धारा निर्माणका लागि प्रस्तावित मंगलापुर कान्छीबजारको सडकको मापदण्ड सम्बन्धमा ।

३. जग्गा सिफारिस सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

- आगामी नगरसभाको तयारी सम्बन्धमा पेश भए बमोजिम तपसिलको कार्य योजना पारित गरियो ।

| आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको चरण तथा समयसिमा | | |
|---|---|---|
| क्र.स. | क्रियाकलाप र चरण | समय सिमा |
| १ | • नगरस्तरीय राजश्व परामर्श समितिले नगर कार्यपालिकामा राजश्व प्रक्षेपण पेश गर्ने<br>• आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण नेपाल सरकारमा पेश गर्ने | २०७८/०२/०७ |
| २ | संघ र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको सिमा र मार्गदर्शन प्रासि<br>क) संघीय सरकारबाट ख) प्रदेश सरकारबाट | |
| ३ | विषयगत क्षेत्र छुट्टाउने (स्रोत अनुमान तथा बजेट सिमा निर्धारण)<br>• स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले स्रोत अनुमान र बजेट सिमा निर्धारण गर्ने । | २०७८/०२/१० |
| ४ | नीति तथा कार्यक्रम र वडाको बजेट सिलिङ्ग पेश | २०७८/०२/२१<br>गते विहान ११ बजे |
| ५क | वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण | २०७८/०२/२७ |
| ५ख | विषयगत क्षेत्रबाट नीति योजना कार्यक्रम प्राथमिकरण | |
| | आर्थिक विकास समितिः कृषि,उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र | २०७८/०२/१४<br>बिहान ८ बजे |
| | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिः वन तथा भू- संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन | २०७८/०२/१६<br>दिउसो २ बजे |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | सामाजिक विकास समिति : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | २०७८/०२/१६ बिहान ८ बजे |
| | सुशासन समिति र सार्वजनिक सेवा तथा क्षमता विकास समितिः सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, शुशासन प्रवर्धन | २०७८/०२/१४ दिउसो ३ बजे |
| | पूर्वाधार विकास समितिः सडक, पुल तथा झोलुंगे पुल, सिचाई भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, संचार | २०७८/०२/१३ बिहान ८ बजे |
| ६ | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | जेठ मसान्तभित्र |
| ७ | एकीकृत वार्षिक बजेट नगर कार्यपालिकाबाट स्वीकृत | २०७८/०२/३१ |
| ८ | बार्षिक नीति तथा कार्यक्रम नगरसभामा पेश तथा स्वीकृत | २०७८/०३/०२ |
| | बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत | २०७८/०३/०८ |
| ९ | वार्षिक नगर विकास योजना, नीति, कार्यक्रम र बजेट सर्व कार्यान्वयन कार्ययोजना तर्जुमा तथा साधारणको जानकारीका लागि प्रकाशन | २०७८/०४/३० |

निर्णय नं.-२

- नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको च.नं.१९७ मिति २०७८/२/११ गतेको पत्रानुसार विश्व बैंकको सहयोगमा संचालन हुने मंगलापुर कान्छीबजार सडक निर्माणको लागि डिजाईन तथा सुपरभिजन कन्सल्टेन्ट नियुक्त गर्ने कार्यको लागि सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना समन्वय कार्यालय ववरमहल काठमाडौबाट तयार भएको Terms of Reference and Evaluation Criteria स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-३

- तिलोत्तमा नगरपालिका, वडा नं.-१४ स्थित नर्मदेश्वर प्रा.वि.को जग्गामा तिलोत्तमा सिटी कलेजको भवन निर्माण कार्य सम्पन्न भईसकेको र कक्षा थप गर्न आवश्यक देखिएकोले सोही स्थानको सरस्वती आधारभूत विद्यालयको पश्चिमतर्फको सार्वजनिक जग्गा कि.नं. ३६० मा रहेको ८५-१६-१३ (विगाह-कठ्ठा-धुर) मध्येबाट ५-०-० (विगाह-कठ्ठा-धुर) जग्गा बहुप्राविधिक शिक्षालय प्रयोजनार्थ प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्, नयाँगाउ, बुटवल रुपन्देहीको स्वामित्व हस्तान्तरण हुने गरी उपलब्ध गराउन नेपाल सरकारको "सार्वजनिक प्रकृतीको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" लगायत प्रचलित कानून बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रदिप पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख